**परिवर्तनका लागि**
**नयाँ सोच र खोज अभियान नेपाल**

# ध्यानाकर्षण पत्र

माननीय मन्त्रीज्यू
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

मिति २०८२/१२/२३

वैदेशिक रोजगारी सुधार्न सरकार, व्यवसायी, र कामदार–तीनै पक्षले ठोस कदम चाल्न आवश्यक छ । यसका लागि नेपाल बनाउन नयाँ सोच र खोजले वैदेशिक रोजगारीमा तत्काल सरकारले चाल्नुपर्ने कदमका बारेमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दिपक कुमार शाहलाई ध्यानाकर्षण गराएको छ ।

**नयाँ सोच र खोजका ध्यानार्कषण**
२०७२ सालमा लागू गरिएको 'फ्रि भिसा, फ्रि टिकट' नीति राम्रो अवधारणा भएपनि व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा समस्या देखिन्छ । यसलाई सुधार गर्न सरकार, व्यवसायी, र कामदार–तीनै पक्षले ठोस कदम चाल्न आवश्यक छ । अथवा 'फ्रि भिसा, फ्रि टिकट'लाई यथावत राखि यसको विकल्पमा खाडीलगायतका देशमा लागत खर्च तोक्नुपर्छ । 'फ्रि भिसा, फ्रि टिकट' रोजगारदाता कम्पनीले नदिएको हकमा सरकारले कामदारको १ महिनाको तलब सेवा-शुल्क तोक्नुपर्छ ।

**अनिवार्य बैंकमार्फत रेमिट्यान्स भित्र्याउने**
वैदेशिक रोजगारीमा जाने कामदारले कमाएको रेमिट्यान्स अनिवार्य रूपमा बैंकमार्फत ल्याउनुपर्ने–नीतिगत रूपमा निकै महत्वपूर्ण र बहसयोग्य विषय हो । यसले अर्थतन्त्र, पारदर्शिता र औपचारिक प्रणालीलाई बलियो बनाउन सक्छ, तर कार्यान्वयनका केही चुनौती पनि छन् ।

**अर्थतन्त्रमा सकारात्मक प्रभाव**
पारदर्शिता र नियमन, कामदारको सुरक्षा, अनिवार्यता मात्र होइन, प्रोत्साहन, सेवा सजिलो र सस्तो बनाउने र बैंकमार्फत पैसा पठाउँदा अतिरिक्त ब्याज, बोनस वा पुरस्कार योजना ल्याउनुपर्छ ।
रेमिट्यान्समार्फत घर कर्जा, बीमा, लगानीका सुविधा दिन सकिन्छ । यसका लागि वैदेशिक रोजगारीमा जानुअघि नै बैंक खाता अनिवार्य गरी मोबाइल बैंकिङ, डिजिटल वालेट जस्ता माध्यम विस्तार गर्नुपर्छ । अवैध माध्यम प्रयोग गर्ने एजेन्टमाथि कडा कारबाही, गन्तव्य देशसँग सहकार्य गरी निगरानी, वित्तीय पहुँच विस्तार, स्थानिय सरकारमार्फत ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्था पहुँच र डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

**सिप र तथ्यांक**
वैदेशिक रोजगारीमा रहेका वैध र अवैध कामदारको सिप, पेशा र तथ्यांक नेपाली दूतावासमार्फत संकलन गर्ने–अत्यन्तै आवश्यक र नीतिगत रूपमा प्रभावकारी कदम हो । नेपालजस्तो रेमिट्यान्समा निर्भर देशका लागि यो झन् महत्वपूर्ण छ, किनकि अहिले पनि ठूलो हिस्सा कामदारको सही तथ्यांक अभाव छ ।

धेरै कामदार (विशेष गरी भारत, खाडी, मलेसिया) मा अनौपचारिक रूपमा रहेका छन् । उनीहरूको संख्या, सिप, आय, समस्या–सरकारसँग स्पष्ट तथ्यांक छैन । सिप अनुसार तालिम, पुनःस्थापना र लगानी योजना बनाउन सकिन्छ । कुन देशमा कस्तो जनशक्ति छ भन्ने स्पष्ट हुन्छ । प्रत्येक दूतावासमा (Labour Information Desk) दूतावासमा डेटा यूनिट स्थापना अपडेट गर्न मिल्ने व्यवस्था हुनुपर्छ । जसका कारण कानुनी सहयोग, उद्धार प्राथमिकता बैंकिङ सुविधा र गोपनीयता र विश्वास हुन्छ ।

अनामनगर, काठमाडौं, सम्पर्कः ९८४११८७६०९, ९८५१०७७६६७, ईमेलः nayasochrakhoj@gmail.com

**व्यक्तिगत विवरण (नाम, ठेगाना)**
सिप (unskilled / semi-skilled / skilled)
कामको क्षेत्र (construction, security, hospitality आदि)
तलब र कामको अवस्था
रेमिट्यान्स पठाउने माध्यम
समस्या/गुनासो
आम्दानी (income range)

**कामदारको सुरक्षा र उद्धार**
समस्या परेमा दूतावासले छिटो पहिचान र सहयोग गर्न सक्छ। दुर्घटना, मृत्यु, ठगीमा तत्काल प्रतिक्रिया सम्भव हुन्छ। आधुनिक प्रणाली अनुसार (transaction-level data) र व्यक्तिगत प्रोफाइल डेटा संकलन गर्दा नीति बनाउन धेरै प्रभावकारी हुन्छ। वैदशिक रोजगारीमा जाने कामदारलाई अनिवार्य सिप तालिम, आधुनिक अभिमुखिकरण तालिम र ट्राफिक तालिम लिएर मात्र पठाउनुपर्छ। यसका लागि सरकारले तत्काल नीतिगत सुधार गर्नुपर्छ।
वैदेशिक रोजगारीमा जाने कामदारका हकमा सिण्डिकेट रोक्नुपर्छ। अहिलेको सबैभन्दा ठुलो समस्या यही हो। मलेसिया र खाडीका केही देश जाने कामदारका हकमा स्वास्थ्य सिण्डिकेट छ। सरकारले हालै घोषणा गरेको स्वास्थ्य सुविधालाई सबै देशमा एकद्वर लागू गरि सिण्डिकेट अन्त्य।
स्वास्थ्य परिक्षणलाई व्यवस्थित बनाउन र यस क्षेत्रका व्यवसायीलाई सुरक्षाका लागि अनिवार्य अनलाइन प्रणालीको विकास गरी कमिशन रोक्नुपर्छ। इजाजत लिएका मेडिकलले सबै देशमा कामदार पठाउने गरी सम्मान व्यवहार आवश्यक छ।
स्वास्थ्य परिक्षणलाई पारदार्शी बनाइ सरकारले कामदारको देशगत अध्ययन गरी स्वास्थ्य जाँच गरी कामदार पठाउने अनलाइनको विकास आवश्यक छ। वैदेशिक रोजगारीका क्रममा मृत्युदर घटाउने, घाइते र कामदारको स्वास्थ्यमा सहज हुन्छ।

वैदेशिक रोजगार ऐनमा देखिएका नीतिगत संशोधन गरी यूरोपका देशमा संस्थागत रोजगार खुलाउनुपर्ने आवश्यक छ। वैदेशिक रोजगारी क्षेत्रमा भइरहेको सिण्डिकेट रोकि व्यवसायी सुधारका लागि व्यक्तिगत भिसाका कामदार पठाउन रोक्नु अथवा नियमन गर्नुपनर्छ। ठगि नियन्त्रणका लागि वैदेशिक रोजगार विभागसहित व्यवसायी संलग्न समस्या समाधान समिति बनाइ काम गर्नुपर्ने देखिन्छ।

वैदेशिक रोजगारी क्षेत्रमा देखिएको ठुलो समस्या भनेको हुण्डी करोवार, भिसा किनबेच र व्यत्तिगत भिसा नै हो। त्यही समितिमार्फत यो समस्या समाधान गर्नुपर्छ। वैदेशिक रोजगारीमा जाने कामदारको न्यूनतम पारिश्रमिक नेपाल सरकारले तोकी सोहीको आधारमा देशगत लागत खर्च तोक्नुपर्छ। यसो गर्दा वैदेशिक रोजगारीको विकृति ठगि, 'फ्रि भिसा, फ्रि टिकट' र घरेलु रोजगारी समेत समेटिन्छ।
भिसा प्रमाणिकरणलगायत अन्य वाहानामा दूतावास, श्रम कार्यालय र एजेण्डका नाममा भइरहेको घुषखोरी रोक्दा कामदारको लागत खर्च घट्छ। अहिले तत्काल गर्नुपर्ने काम यही हो। वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सिप प्रमाणिकरण गरी उनी पुन वैदेशिक रोजगारीमा जाँदा विश्वव्यापी मान्यता अनुसार परिश्रमिक पाउने गरी श्रम स्वीकृति दिनुपर्छ। यो गर्दा रेमिट्यान्स अहिलेको तुलनामा ३ गुणा बढ्छ।
सरकारले कामदार पठाइरहेका देश र संस्थागत म्यानपावरले कामदार पठाइरहेको देशमा लागत खर्चको विभेद छ। यसलाई सुधार गरी सम्मान सेवा-शुल्क तोकि सुधार गर्नुपर्ने आवश्यक छ।
इजाजत पत्रवाला संस्थाहरुले राखेको धरौटीका आधारमा म्यानपावर,अभिमुखिकरण र स्वास्थ्य संस्थालाई राष्ट्र बैंकले तोकेको व्याज दिनुपर्छ। जसका कारण संस्था समस्यामा परेका बेला कार्यालय सञ्चालनमा सहज हुन्छ। साथै वैदेशिक रोजगारीमा क्षेत्रमा हुने अनुगमनमा पनि सरकारले एकद्वर नीति लिनुपर्ने देखिन्छ।
ट्राभलसँगै एजेन्टले भिजिट भिसा, व्यक्तिगत भिसा र कन्सल्टेन्सी कामदार वैदेशिक रोजगारीमा कामदार पठाउन म्यानपावर व्यवसायीकै बदमान भइरहेको छ। यो कार्य रोक्न समेत हाम्रो अभियानको माग छ।
धन्यवाद।

नयाँ सोच र खोज अभियान
वैदेशिक रोजगारी, स्वास्थ्य र अभिमुखिकरण
संयोजक लक्ष्मण पौडेल ९८५११२३१७०
सञ्जय आचार्य ९८५१०९४७८९
सह-संयोजक पकंजकुमार शाह ९८१००१९२११
सह- संयोजक ऋषि भट्टराई ९८५१०९६६२६
अभिमुखिकरण तालिम विष्णु सुवेदी ९८५१०५३१०४